# बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल


## स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्धता सम्बन्धी सूचना ।

**सूचना प्रकाशन मितिः** २०८२/०६/२६ (ने.सं.: ११४५ कौलागा षष्ठी आइतबार)

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य बीमा बोर्डको च.नं. ६२० मिति २०८२/०६/०२ को प्राप्त पत्रानुसार विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ (पहिलो संशोधन २०८२) मा महत्त्वपूर्ण संशोधन भएको छ।

उक्त निर्देशिकाको दफा ४(क) मा स्पष्ट व्यवस्था भएअनुसार **अबदेखि विपन्न बिरामी नागरिकले कडा रोगहरू (मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमिया) को उपचारमा सहुलियत प्राप्त गर्नका लागि स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य रूपमा आबद्ध भएको हुनुपर्नेछ।**

तसर्थ, यस नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण नागरिकहरुले विपन्न नागरिक औषधि उपचार कार्यक्रम अन्तर्गत कडा रोगको उपचारमा सहुलियत लिइरहनुभएको सेवाको निरन्तरता तथा नयाँ सेवा प्राप्त गर्नका लागी अनिवार्य रूपमा स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुन सम्पुर्ण सेवाग्राही तथा सरोकारवालामा हार्दिक अनुरोध गरिन्छ। साथै स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नभएका सेवाग्राहीहरूलाई निर्देशिका बमोजिम सेवा प्रवाहमा कठिनाई हुने व्यहोरा समेत जानकारी गराइन्छ।

नोट :- *स्वास्थ्य बीमामा आवद्धताको लागि सम्बन्धित वडामा रहेका बीमा दर्ता सहयोगीहरुलाई सम्पर्क गर्नुहुन ।*

.................
(सुमन अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत


**थप जानकारीको लागि सम्पर्क**

बेसीशहर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
**स्वास्थ्य शाखा (सम्पर्क नं. ९८५६०४६५७७)**
बेसीशहर, लमजुङ

फोन.नं.: ०६६-५२०१५० I Website : besishaharmun.gov.np I Email:besishaharmunicipality@gmail.com